# नेपाल गजेट


नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ १३ गते ०९ साल


## भाग ४

### खाद्य भूमि–व्यवस्थामन्त्रालयको सूचना

बारा पर्सा रौतहट जिल्लाको धान चामल रोक्का भई राखेकोमा अब नियमबमोजिम बजार महसूल ली क लाइसेन्स लिइराखेका र लिन खोज्नेलाई लाइसेन्स दिई निकासी गर्न पाउने भएकोले सूचना गरिएको छ।

हालैको गोरखापत्रमा गुठीखर्च अड्डाले ४५०० मुरी चामलको टेन्डर मागेकोले सर्वसाधारणलाई भ्रम हुन जाला कि सरकारसँग चामल धान नभई टेन्डर मागी किन्न आँटेको हो। यो विभागको भूलले गर्दा यस्तो टेन्डर मागिन गएछ। सरकारसँग सरकारिया विभागलाई बाँड्न र अरू प्रशस्त जगेडासमेत धान चामल छ। बजारमा टेन्डर मागी खरीद गर्नु पर्ने केही दर्कार छैन। यही सूचना द्वारा टेन्डरमा चामल दिन चाहने कोही इच्छुक भए वहाँहरूलाई सूचित गरिन्छ कि यसमा टेन्डर नदिनु होला।


गोरखापत्र छापाखानाबाट प्रकाशित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 34